# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प. सं. : ०७६/०७७

च. नं. : १४५८

मिति : २०७६/१२/१८

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै

लि.पा.गा.पा. ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको प.सं. २०७६/०७७ च.नं. ३०६३ मिति २०७६/१२/१७ को प्राप्त पत्र यसैसाथ संलग्न छ । सो पत्रबाट व्यहोरा अवगत गर्नुभई तहाँसंग सम्बन्धित विषयका निर्णयहरु कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन हुन अनुरोध छ ।

.............................................

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं : ०११-६९१११७, ०११-६९१११८, ईमेल : lisankhupakharmun@gmail.com, वेब पेज : www.lisankhupakharmun.gov.np

नेपाल सरकार

## गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- २०७६/७७
चलानी नं. ३०६३

मिती : २०७६।१२।१७

विषयः - निर्णय कार्यान्वयन सम्वन्धमा।

श्री स्थानीय तह, सवै
सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा मिति २०७६।१२।१७ गते यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालको अध्यक्षतामा कोरोना भाइरसको रोकथाम,नियन्त्रण र उपचार सम्वन्धमा Command Post को बैठकबाट भएको निर्णय तपसिल बमोजिम भएकाले आवश्यक कार्यान्वयनको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

निर्णयहरु :

१. वर्तमान परिस्थितिमा दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थालाई सहज बनाउन निम्नानुसार गर्ने ।

क. आपूर्ति व्यवस्थापनको नेतृत्व सवै स्थानीय तहले लिने ।

ख. विक्री वितरण गर्दा न्युनतम १ मिटरको दुरी कायम गर्ने (Social Distancing) गरी स्थानीय तहले मापदण्ड वनाउने ।

ग. आपूर्ति व्यवस्थापनलाई सहज बनाउन प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने ।

घ. वडास्तरिय समितिले आफ्नो वडाभित्र रहेका हालको स्थितीमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुको लगत संकलन गर्ने ।

ङ. स्टोर वा विक्रेताले विक्री गर्दा न्युनतम दैनिक उपभोग्य वस्तुहरु रहनेगरी Combo Package बनाई विक्री वितरण गर्ने ।

च. हालको स्थितीमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुलाई वडास्तरिय समितिले सहयोग स्वरुप न्युनतम दैनिक उपभोग्य वस्तुहरुको Package उपलब्ध गराउने । सहयोगको Package बनाउदा ४ जनासम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने ।

छ. कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा सम्वन्धित स्थानीय तहमा सम्पर्क राख्न पर्ने । स्थानीय तहले तोकेको मापदण्ड अनुसारका सहयोग सामग्रीहरु भएमा मात्र स्थानीय तहले स्विकार गरी वडास्तरिय समितिमार्फत वितरण गर्ने । सो को विवरण अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

ज. सहायतको नाममा कसैले पनि चन्दा उठाउन वा आफुखुशी सहायता वितरण गर्न नपाउने ।

झ. वितरणमा दोहोरोपना हुन नदिने ।

ञ. दैनिक उपभोग्य वस्तुहरुको मौज्दात नियमित रुपमा अध्यावधिक गरी सार्वजनिक गर्ने काम उद्योग वाणिज्य संघले गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- २०७६/७७

२. विदेशबाट आएका मानिसहरुलाई अनिवार्यरुपमा १४ दिनसम्म Quarantine मा राखे सो को व्यवस्थापन स्थानीय तहले मिलाउने ।

३. हरेक पालिका र वडास्तरमा Quarantine कक्ष वनाउदा मापदण्ड अनुसार जनशक्ति तथा अन्य व्यवस्थापन गर्न कठिनाई देखिएकोले एकिकृत रुपमा साविकको क्षेत्रिय स्तरमा Quarantine वनाउनको लागी समन्वय गर्ने । सो को लागी जिल्ला समन्वय समितिको प्रमुखज्यूले आवश्यक समन्वय र सहजीकरणको व्यवस्था मिलाउने ।

४. Quarantine स्थापना गर्दा सामुदायिक भवन प्रयोग गर्ने र सो स्थानले समेत अपुग भएमा विद्यालयहरुलाई प्रयोग गर्ने ।

५. Isolation /Quarantine को अनुगमन/प्रगतिको अवस्था वारेमा दैनिकरुपमा अध्यावधिक गर्ने काम मिति २०७६।१२।१६ गते वसेको बैठकबाट गठित उपसमितिले गर्ने ।

६. अनावश्यक सवारी पास तथा श्रमिकहरुलाई घर फर्कन दिने पास समेत आजको मिति देखि वन्द गर्ने ।

बाबुराम खनाल
स.प्र.जि.अ
प्र. प्रमुख जिल्ला अधिकारी